# मालिकार्जुन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला
७ नं. प्रदेश,नेपाल

प.स. २०७५/०७६ Website:-www.malikarjunmun.gov.np
च.नं. Email:-mrmdarchula@gmail.com

मति:-२०७५/०८/०१

**मालिकार्जुन गाउँपालिका बाट थालनी गरिएका प्रयासहरु**

१. यस गाउँपालिका अन्तर्गत रहेको मुलुक भरिका सात धामहरु मध्यैकै एउटा धाम श्री मालिकार्जुन लगायत अन्य धार्मिक मठ मन्दिर हरु पर्यटकीय स्थल हरु विविध मौलिक साँस्कृति परम्परा हरु भेषमुषाका साथै लोपोन्मुख अवस्थामा रहेका विभिन्न लोक सँस्कृति लोका भाका लोका नित्र्य लोकलय लागयत यस्तै अन्य अमुल्य निधिहरुको संरक्षण सम्वर्द्धन गर्नेका लागि समभ्यावता अध्यनको काम सम्पन्न भएको छ। उक्त क्षेत्रको विकासका लागि विभिन्न निकायहरु सित समन्वय गरिएको छ।

२. यस गाउँपालिकाका प्रतेक वडालाई पालिका सदरमुकाम सम्म जोड्ने गरि सडक संरचना निर्माणको थालनि गरिएको छ।

३. खानेपानि नपुगेको वस्तीलाई प्राथमिकतामा राखि योजना संचालन गरिएको छ।

४. गाउँपालिका भित्रको भुगोल र मौसम हेरी बैज्ञानिक एवं व्यावसायिक कृषि तथा पशुपालन क्षेत्रलाई प्राथमिकता दिएको छ।

५. मालिकाकर्जुन मन्दिर देखि शिखरधाम सम्म जाने केवुलकार र मालिकार्जुन हुदै न्वलपानी दमौरा सम्मको पर्यटकीय सडक तथा न्वालपानी दमौरामा भ्यू टावर निर्माण गर्ने लक्ष्य राखिएको छ।

६. सुदुर पश्चिम प्रदेशकै ऐतिहासिक भगनावशेष उकू महलको उत्खनन अनुसन्धान र अन्वेषणका लागि पहल गरिएको छ।

७. ऐतिहासिक जोलजीवि मेलालाई व्यपारिक मेला तथा साँस्कृतिक महत्सवको रुपमा मनाउनेकार्य थालनी गरिएको छ।

८. एक स्थानिय तह एक प्राविधिक शिक्षालय कार्यक्रम अन्तर्गत मालिकार्जुन मा वि मडमा सिभिल ईन्जिनियर डिप्लोमा तह प्राविधिका शिक्षालय संचालन गरिएको छ।

९. गरिवी न्युनिकरण सामाजिक विभेद न्युनिकरण,खाद्य शुरक्षा का साथै लक्षित समुदाय महिला बालबालिका दलित अपाङ्ग एकल महिला, ज्येष्ठ नागरिकका साथै पिछिडिएको समुदायका लागि विशेष कार्यक्रम लागु गर्ने प्रयास गरिएको छ।

१०. गाउँपालिकामा खेलकुदको विकास गर्न वडा नं ६ को सरस्वती मा वि उकु,वडा नं ८ को शंकरपुर मा वि पस्ती र वडा नं ४ को खान मा वि ऐरिछानामा बहुउद्देशिय खेलमैदान निर्माण गर्न बजेट विनियोजन गरिएको छ।

११. यस गाउँपालिका अन्तर्गतको १ मात्र स्नातक शंकरपुर क्याम्पसलाई शैक्षिक वृद्धि गर्न र भौतिक पूर्वाधार व्यवस्थापन गर्नुका साथै यस गाउँपालिका भित्र रहेका निजि श्रोतका शिक्षकहरुलाई राहत हुने गरि कार्यक्रम संचालनको थालनी गरिएको छ।

१२. गाउँपालिका भित्र रहेका बालवालिकाहरुको बाल अधिकारका लागि बाल समुह र बाल संजाल वडा स्तर देखि पालिका स्तर सम्म बाल क्लव गठन गरिएको छ।

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका

# मालिकार्जुन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर,दार्चुला

७ नं. प्रदेश,नेपाल

प.स. २०७५/०७६ Website:-www.malikarjunmun.gov.np

च.नं. Email:-mrmdarchula@gmail.com


१३. गाउँपालिकाका ८ वटै वडा हरुमा वातावरण संरक्षण,जलवायू परिवर्तन,प्राकृतिक प्रकोपका कारण आउने विपद जोखिम न्यूनिकरण गर्न विपद व्यवस्थापन समिति गठन गरिनुका सथै विपद व्यवस्थापन कोषको स्थापना गरिएको छ । उक्त कोष मार्फत भैपरी आउने विपद प्राभावित लाई राहत उद्धार र पुर्न स्थापना गर्न कर्य योजना तयार भैरहेको छ ।

१४. स्वास्थ्य क्षेत्रमा सवै चौकी हरुमा औषधि अभावहुन नदिन बजेटको व्यावस्थापन गरिएको छ । थप भएका २ वटा वडाहरुमा स्वास्थ्य चौकी स्थापना गरिएको छ र एक-एक जना अ न मी र स्वीपरको नियुक्ती गरिएको छ र भौगोलिक निकटताको कुरालाई मध्यनजर गरी विभिन्न ठाउँमा सामुदायिक स्वाथ्य केन्द्र र खोप केन्द्र स्थापनाको पहल भएको छ ।

गाउँपालिकाका चुनौतीहरुः-

- विषयगत शाखामा प्राविधिक तथा अप्राधिक कर्मचारीहरुको अभाव हुनु ।
- भौगोलिक विगटता तथा अव्यवस्थित बसोबास ।
- सूचना तथा संचार सेवा भरपर्दो नहुनु ।
- श्रोत साधनको अभाव हुनु ।
- गाउँपालिका र वडा कार्यालयका आफ्नो भवन नहुनु ।

सु-शासन तर्फः-

अर्ध वार्षिक रुपमा सार्वजनिक सुनुवाई तथा वार्षिक रुपमा सामाजिक परिक्षण गर्ने गरेको छ ।

नितिगत क्षेत्र तर्फ

विभिन्न ऐन नियम , कार्यविधी लगायत अन्य नितिहरु निर्माण भईसकेका छन ।

नरेन्द्र सिह धामी

(नरेन्द्र सिह धामी)

अध्यक्ष

मालिकार्जुन गाँउपालिका